# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २१५ | काठमाडौं | शुक्रबार, १९ मंसिर २०८२ | Prabhab National Daily | Friday, 05 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# यौन दुर्व्यवहार आरोपी नै सञ्चारमन्त्रीबाट सम्मानित

■ जेवी योञ्जन

**काठमाडौं–** १६ दिने महिला हिंसाविरुद्धको अभियान देशव्यापी चलिरहँदा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सम्मान गरेका कृष्ण गौतम यौन दुर्व्यवहार घटनाका आरोपी रहेको खुलासा भएको छ । गौतमलाई मन्त्री खरेलले बुधबार सम्मान गरेका थिए । उनी बाँकेको नेपालगञ्जका हुन् ।

राष्ट्रिय अपांग महासंघ नेपालकी दुई महिला कर्मचारीलाई तीन वर्षअघि यौन दुर्व्यवहार गरेको आरोप उनलाई लागेको थियो । त्यससम्बन्धी महासंघमै उजुरी परेको खुलेको हो । राष्ट्रिय अपांग महिला संघकी अध्यक्ष टीका दाहालले महासंघमा दिएको उजुरीअनुसार गौतमले कार्यक्षेत्र काभ्रेको धुलिखेल जाने क्रममा सवारी साधनभित्रै यौन दुर्व्यवहार गरेको व्योहरा उल्लेख छ ।

तर, उनै गौतम सञ्चारमन्त्री खरेलबाट सम्मानित भए । सम्मानपत्रमा भनिएको छ, 'नेपालको अपांगता आन्दोलनमा नवीनतम स्वाबलम्बन जीवन पद्धति अवधारणको विकास र प्रवर्द्धन गरी अपांगता भएका व्यक्तिलाई समुदायमा नै समावेश भई स्वतन्त्र, स्वाबलम्बी र मर्यादित जीवनयापन गर्न गराउन निरन्तर अभियान गरी पुऱ्याउँदै आउनुभएको योगदानको कदर गर्दै अपांगता भएका व्यक्तिहरूको ३४औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा यो सम्मानपत्र प्रदान गरिएको छ ।'

गौतमलाई दिएको सम्मानपत्रमा मन्त्री खरेलसँगै राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष देवीदत्त आचार्य र समाज कल्याण परिषद्अन्तर्गतको राष्ट्रिय अपाङ्ग कोषका सभापति डेकराज भट्टराईको पनि हस्ताक्षर छ । गौतम महासंघका पूर्वसचिवालय सदस्य हुन् । अध्यक्ष आचार्यका उनी निकट पात्र मानिन्छन् । स्रोतको दाबीमा उनै आचार्यले गौतमलाई यौन दुर्व्यवहारसम्बन्धी उजुरीमा सफाइ दिएका हुन् ।

यसबारे सोध्दा आचार्यले प्रभावसँग थाहा नभएको भन्दै प्रतिप्रश्न गरे, 'अब तपाईंलाई कसले भन्यो ? मलाई थाहा छैन । केही त्यस्तो प्रमाण छ ?'

यौन दुर्व्यवहार आरोपी गौतमलाई सम्मान गरेर महासंघ र सरकार दुवै महिला हिंसाविरुद्धको अभियानलाई खिल्ली उडाएका छन् । त्यसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय पनि जोडिएको छ । गौतमलाई सम्मान गर्ने संस्थामा पर्छ मन्त्रालयअन्तर्गको समाजकल्याण परिषद् मातहत रहने राष्ट्रिय अपांग कोष पनि हो । तर, कोषकी सदस्यसचिव भीमा खतिवडाका अनुसार सम्मानित हुने गौतमको नाम राष्ट्रिय अपांग महासंघबाट आएको हो ।

'उहाँको नाम राष्ट्रिय अपांग महासंघबाट आएको हो । त्यसो भएकोले मलाई डिटेलमा थाहा छैन ।

क्रमशः पृष्ठ २ मा


कृष्ण गौतम


"अपाङ्गता समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन"
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
NFD-N
सम्मान–पत्र
बाँके जिल्ला निवासी तपाई श्री कृष्ण गौतम आफैं अपाङ्गता भएको व्यक्ति भई नेपालको अपाङ्गता आन्दोलनमा नबिनतम स्वाबलम्बन जीवन पद्ती अवधारणाको विकास र प्रवर्द्धन गरी अपाङ्गता भएका व्यक्तिलाई समुदायमा नै समावेश भै स्वतन्त्र, स्वाबलम्बी र मर्यादित जीवनयापन गर्न गराउन निरन्तर अभियान गरी पुऱ्याउँदै आउनुभएको योगदानको कदर गर्दै अपाङ्गता भएका व्यक्तिहरुको ३४औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा यो सम्मान-पत्र प्रदान गरिएको छ ।
इति सम्वत २०८२ मङ्सिर १७ गते रोज ४ शुभम् ।
मूल आयोजक समिति
अपाङ्गता भएका व्यक्तिहरुको ३४औं अन्तर्राष्ट्रिय दिवस समारोह समिति

- महिला हिंसाविरूद्धको अभियान चलिरहँदा दुर्व्यवहार आरोपी नै सम्मानित
- राष्ट्रिय अपांग महिला संघले दिएको उजुरीअनुसार आरोपीले कार्यक्षेत्र काभ्रेको धुलिखेल जाने क्रममा सवारी साधनभित्रै यौन दुर्व्यवहार गरेको
- यौन दुर्व्यवहार आरोपीलाई मन्त्रीले नै सम्मान गरेर महासंघ र सरकार दुवै महिला हिंसाविरूद्धको अभियानलाई खिल्ली उडाइयो

## के भन्छन् आरोपी ?

काभ्रेमा तीन दिनको तालिम गराउनुपर्ने पहुजयुक्तता सम्बन्धी तालिम थियो । त्यो तालिमको जिम्मेवारी दिइसकेपछि धुलिखेलमा कार्यक्रम थियो । त्यहाँ तयारीका लागि जाँदा स्कर्पियोमा बसेको । म चाहिँ देब्रे साइटबाट झुण्डिएर चढें । अनि, ह्वीलचेयर तल (भुइँमा) रह्यो । मेरो ह्वीलचेयर फोल्डिङ गरेर पछाडि राख्दिनुहोस् भनें (नाम नतोकी) । त्यहाँ चालक, एक पुरुष कर्मचारी र दुई महिला कर्मचारी हुनुहुन्थ्यो । उहाँ (पीडित भनिएको) पनि चढ्नुभयो र मेरो छेउमा आउनुभयो । अनि, अर्को एक जना महिला कर्मचारी चढ्नुभयो । ढोकातिर पुरुष कर्मचारी । गफ गर्दै गयौं । पुगेपछि गाडीबाट उत्रिँदा शौचालय अपाङ्गमैत्री थिएन । होटल पनि ओरालोमा थियो अनि म रिसाएको हो । भरे उहाँ (पीडित भनिएकी)ले तपाईंले मलाई ब्याड टच गर्नुभयो भन्नुभयो ।

# शुरू भयो एमाले महाधिवेशनको रौनक

- एमालेले महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने भएको छ
- महाधिवेशनको उद्घाटनसत्रमा १० हजार स्वयंसेवक परिचालित हुने
- महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच 'प्यानल' प्रतिस्पर्धा हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेमा ११औं महाधिवेशनको रौनक शुरु भएको छ । मंसिर २७ गते भक्तपुरको सल्लाघारीस्थित खुल्लाचौरमा उद्घाटन र काठमाडौंको भृकुटीमण्डपमा बन्दसत्र तय गरेको एमालेले महाधिवेशनस्थल बनाउनेदेखि उम्मेदवारी घोषणासमेत शुरु भएको छ ।


महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच 'प्यानल' प्रतिस्पर्धा हुने देखिन्छ । वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरिसकेका छन् । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको साथ पाएका पोखरेलले आफ्नो पक्षमा माहोल तताउन शुरु गरिसकेका छन् ।

यसैबीच अध्यक्षमा उम्मेदवारी दिएका वरिष्ठ उपाध्यक्ष पोखरेलले बिहीवार अध्यक्ष ओलीसँग भेटेका छन् । ओली निवास गुन्डुमा पोखरेल आफूसमूहका नेताहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे र योगेश भट्टराई लिएर पुगेका थिए । भेटवार्ता करिब ३ घण्टासम्म चलेको थियो । भेटमा प्रतिनिधि छनोट एकलौटी भएको भन्दै पोखरेलले गुनासो गरेका थिए ।

यसैबीच एमाले स्थायी कमिटि सदस्य शेरबहादुर तामाङले ओली पक्षमा खुल्दै उपमहासचिवमा उम्मेदवारी पेश गरेका छन् । संस्थापनइतर देखिएका उनी दसौं महाधिवेशनपछि ओली समूहमा खुलेका हुन् । 'मैले उपमहासचिव दाबी गरेको छु,मतदातालाई त्यही आग्रह पनि गरिरहेको छु,' तामाङले भने ।

पार्टीमा वर्चश्व जमाउँदै आएका ओली पक्ष र पोखरेल पक्षबीच यसपटक चर्को प्रतिस्पर्धा हुने देखिएको छ । तर उपमहासचिव विष्णु रिमालले महाधिवेशनमा नीति र नेतृत्वका विषयमा कुनै विवाद नहुने दाबी गरे । प्रेस चौतारी नेपालले बिहीवार आयोजना गरेको संवाद कार्यक्रममा उपमहासचिव रिमालले लामो इतिहास र संघर्ष हुँदै अन्तरपार्टी लोकतान्त्रिक अभ्यासबाट अघि बढेको पार्टी भएकाले स्वच्छ प्रतिस्पर्धा भएमा अस्वाभाविक मान्न नपर्ने बताए । 'पार्टीभित्र नीतिको प्रश्नमा कुनै विवाद छैन । हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य लिएर हिँडेका छौं । यही स्थिर नीति र राष्ट्रवादी अडानका साथ मुलुकलाई नै नेतृत्व गर्न सक्ने क्षमता वर्तमान अध्यक्ष केपी शर्मा ओलीमा रहेको छ', रिमालले भने, 'त्यस अर्थमा हामी मूल नेतृत्वलाई सघाउने गरी सामूहिक नेतृत्वको प्रणालीमा अघि बढ्नेछौं । बाहिर चर्चामा आए जस्तो प्रतिस्पर्धा गर्न पाइँदैन या चुनाव हुँदैमा पार्टीमा समस्या आउँछ भन्ने कुरा यथार्थ होइन ।'

क्रमशः पृष्ठ २ मा



**सन्दर्भ: वैदेशिक रोजगार**

# श्रम आप्रवासन र नैतिक भर्तीलाई सुदृढ गर्ने मलेसियाको तयारी

- श्रम आप्रवासन र श्रमिकको नैतिक भर्तीबाहेक यस योजनाले आप्रवासी श्रमिकका लागि सुरक्षा, समाधान र न्यायको पहुँच विस्तार गर्ने उल्लेख गरिएको छ
- यसबाहेक आपूर्ति श्रृंखला र कार्यस्थलमा जबरजस्ती श्रम जोखिम रोक्न, श्रम मापदण्डको कार्यान्वयन र अनुपालन प्रणाली सुधार गर्न र विभिन्न क्षेत्रबिच समन्वय सुधार गर्ने योजनासमेत बनेको बुझिएको छ



■ ममता थापा

**काडमाडौं–** मलेसियाले श्रम आप्रवासन र श्रमिकको नैतिक भर्ती (इथिकल रिक्रुटमेन्ट)को प्रक्रियालाई सुदृढ गर्ने भएको छ । मलेसियाले एक कार्यक्रमकाबिच बाध्यकारी श्रमकाविरुद्ध राष्ट्रिय प्रतिक्रिया बलियो बनाउन महत्वपूर्ण कदम चाल्ने प्रतिबद्धता जनाएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

मलेसियाले 'नेसनल एक्सन प्लान अन फोर्स्ड लेबर' (एनएपी-एफएल) २०२६-२०३० को विकासमार्फत उक्त कार्य गर्ने जनाइएको छ । नयाँ योजनाअनुसार २०३०सम्म जबरजस्ती श्रम गराउने प्रवृत्तिको अन्त्य गर्न आवश्यक कामलाई तीव्र रूपमा अगाडि बढाइने तयारी गरेको छ ।

केहि दिनअघि त्यहाँको मानव स्रोत मन्त्रालय र अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा आयोजित कार्यक्रमबाट उक्त निर्णय गरिएको हो । जसमा त्यहाँका रोजगारदाता, कामदार संघका प्रतिनिधि र नागरिक समाजका समूहको उपस्थिति थियो ।

२०२१-२०२५को राष्ट्रिय कार्य योजनाबाट प्राप्त सुझावहरूमा एनएपी-एफएल आधारित रहेको जनाइएको छ । श्रम आप्रवासन र श्रमिकको नैतिक भर्तीबाहेक यस योजनाले आप्रवासी श्रमिकका लागि सुरक्षा, समाधान र न्यायको पहुँच विस्तार गर्ने उल्लेख गरिएको छ । यसबाहेक आपूर्ति श्रृंखला र कार्यस्थलमा जबर्जस्ती श्रम जोखिम रोक्न, श्रम मापदण्डको कार्यान्वयन र अनुपालन प्रणाली सुधार गर्न र विभिन्न क्षेत्रबिच समन्वय सुधार गर्ने योजनासमेत बनेको बुझिएको छ । कार्यशालामा सहभागीले बन्दै गरेका योजनाको निरन्तरता सुनिश्चित गर्ने विषयमा जोड दिएका थिए ।

समाचारमा उल्लेख भएअनुसार एनएपी-एफएल नीति विभागकी उपसचिव रफेआ'अह बिन्ती नाहरले जबरजस्ती श्रमविरुद्धको योजनालाई राष्ट्रिय प्राथमिकतामा राख्न सरकार दृढ रहेको बताएकी छन् । २०२६-२०३० का लागि विकास गरिने कार्ययोजना सक्रिय, प्रभावकारी हुनुपर्ने नाहरको भनाइ छ । २०३०भित्र जबरजस्ती श्रम समाप्त गर्ने राष्ट्रको आकांक्षामा सरोकारवाला प्रतिबद्ध हुनुपर्ने उनले बताएकी थिइन् ।

बाध्यकारी श्रमसम्बन्धी मलेसियाको योजना आइएलओ फोर्स्ड लेबर कन्भेन्सन १९३० (नं २९),यसको २०१४ प्रोटोकल, र अन्य अन्तर्राष्ट्रिय श्रम मापदण्डरूसँग मेल खाने आइएलओले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

# मधेसमा नयाँ सरकार गठन गर्न सहमति जुटेन

**धनुषा–** मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि भएको सात दलको बैठक बिना निष्कर्ष टुङ्गिएको छ । नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) दुवैले मधेस प्रदेशमा सरकारको नेतृत्वमा दाबी नछाडेपछि सात राजनीतिक दलबीच सहमति कायम हुन नसकेको हो ।

बिहीबार नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीको बैठक बसे पनि सहमति जुट्न नसकेको हो ।

जनकपुधामस्थित प्रदेशसभा सचिवालयमा भएको बैठकमा सात दलका नेता तथा प्रदेशसभा सदस्यहरूको उपस्थित रहेको लोसापाका सांसद उपेन्द्र महतोले जानकारी दिए । मुख्यमन्त्रीका लागि नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्र सोनल मुख्य दाबेदार देखिएका छन् । यादव र सोनल दुवैले विभिन्न दलहरूसँग संवाद पनि अघि बढाएका छन् ।

मधेस प्रदेश कांग्रेस संसदीय दलका प्रमुख सचेतक कुँवरकान्त झाले अन्य सबै दलले सरकारको नेतृत्व सम्हालिसकेकाले अब कांग्रेसको दाबी स्वाभाविक भएको बताए । 'प्रदेश प्रमुखले आह्वान गर्नुभएपछि अब सातै दल बसेर नेतृत्वको विषयमा टुङ्गोमा पुग्ने छौँ, कांग्रेसको नेतृत्वमा अब खासै विवाद नहोला,' झाले भने ।

लोसपाका सोनलले यसअघि माओवादी केन्द्र र जनमत पार्टीको चलखेलका कारण आफूले विश्वासको मत प्राप्त नगरेको भन्दै अब सबै मिलेर पुनः आफूलाई मौका दिनुपर्ने बताए । जसपा नेपालका मधेस प्रदेश प्रमुख सचेतक रामआशिष यादवले मुख्यमन्त्रीमा कसलाई समर्थन गर्ने भन्नेमा औपचारिक सहमति नभएको बताए । जसपाका प्रमुख सचेतक यादव पाँच वर्षमा पाँच जना मुख्यमन्त्री बनाउँदा धेरै नकारात्मक सन्देश जाने भएकाले अब सरकार बनाउँदा सात दल एक हुनुपर्ने धारणा राखे ।

लोसपाकी नेत्री एवं प्रदेशसभा सदस्य रानी शर्मा तिवारी भने लोसपा नेतृत्वमा बनेको सरकारले विश्वासको मत पाउन नसकेर ढलेका कारण अहिलेको नयाँ कोर्स त्यहीँबाट सुरु हुनुपर्ने बताउँछन् ।

दलहरूबीच सहमति जुट्न नसक्दा बैठक बिना निष्कर्ष टुङ्गिएको जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले जानकारी दिए । यादवले कांग्रेस र लोसपालाई छुट्टै बसेर सहमति गर्न समय दिएको बताए । प्रदेश प्रमुख सुरेन्द्र लाभले संविधानको धारा, १६८ को २ बमोजिम शुक्रबार ५ बजेसम्म सरकारका लागि दाबी पेस गर्न समयसीमा निर्धारण गरेका छन् । प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार प्रदेशसभा बैठकमा राजीनामा दिएका थिए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## यौन दुर्व्यवहार...

उहाँ चाहिँ आईएलओ अवधारणामा काम गरेको भनिएको थियो,' खतिवडाले भनिन्, 'मैले त कार्यक्रम मात्रै चलाएँ । अरु थाहा भएन ।' गौतमलाई यौन दुर्व्यहारजस्तो गम्भीर आरोप लाग्दा पनि महासंघले कारबाही गरेन । सोहीकारण सेभ द चिल्ड्रेनले महासंघसँग १८ करोड बराबरको एक परियोजनामा सम्झौता गरेन । अर्थात्, गौतमलाई कारबाही नगर्दा महासंघले ठूलो परियोजना गुमायो । अहिले पनि महासंघ सेभ द चिल्ड्रेनको कालोसूचीमा छ ।

महासंघका अध्यक्ष आचार्यले यसअघि सेभ द चिल्ड्रेनका नेपाल प्रतिनिधिसँग कालोसूचीबाट हटाउनेबारे छलफल पनि गरेका थिए । तर, हटाएको छैन । बुधबार भने उनै गौतम सरकारबाटै सम्मानित भए । उनी सम्मानित भएपछि कतिपय अपांगता अधिकारकर्मीहरूले विरोध गरेका छन् । तर, महासंघका पूर्वअध्यक्ष मित्रलाल शर्मा पुरानो र 'क्लोज' भइसकेको विषय यतिबेला उछाल्नु सान्दर्भिक नभएको बताउँछन् । गौतमविरुद्ध यौन दुर्व्यवहार आरोप लागेको शर्मा अध्यक्ष भएकै बेला हो ।

उनले भने, 'यो ३/४ वर्ष पुरानो विषय हो । क्लोज भइसकेको विषय हुनाले यतिबेला उछाल्नु सान्दर्भिक छैन । उहाँलाई कसैले बहिस्कार गरेको छैन । यतिबेला सम्मानित भइसकेपछि यस्तो विषय आउन ठीक होइन ।'

गौतमलाई छिटो कारबाहीको लागि माग गर्ने संस्था नेपाल अपांग महिला संघ हो । अपांगता भएका महिलाहरूको महासंघले पनि कारबाहीको लागि दबाब दिएको थियो चौतर्फी रूपमा कारबाहीको रूपमा दबाब उठेपछि तत्कालिन कार्यसमितिले छानबिन गरि तत्कालिन दोषी देखेपछि उनीलाई सदस्य पदबाट निलम्बनसमेत गरेको थियो तर पछि वर्तमान अध्यक्ष आचार्यले कार्यभार लिएपछि उनको एकल निर्णयले कारबाही फुकुवा गरेको श्रोतको दाबी छ । तर राष्ट्रिय अपांग महासंघको सिफारिसमा सम्मानित उनलाई सञ्चारमन्त्री खरेलले नै सम्मानपत्र दिए, जसले सरकार नै दण्डहीनताको विरुद्धमा रहेको देखाउँछ ।

■ ■ ■

## शुरू भयो...

गत भदौ तेस्रो साता भएको एमालेको दोस्रो विधान महाधिवेशनले १९ सदस्यीय पदाधिकारी घटाएर १५ सदस्यीय बनाएको छ । राष्ट्रिय महाधिवेशनले अध्यक्ष, ३ उपाध्यक्ष, महासचिव, ३ उपमहासचिव, ७ सचिवसमेत २ सय ५१ सदस्यीय केन्द्रीय कमिटीको व्यवस्था गरेको छ । यस्तै, प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीको पदेन सदस्य हुने व्यवस्था छ । आगामी महाधिवेशनमा यही पदमा प्रतिस्पर्धा हुँदै छ । एमाले महाधिवेशनमा करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुने छन् ।

### महाधिवेशनस्थल निरीक्षण, १० हजार स्वयंसेवक खटिने

यसै मेसोमा बिहीवार सल्लाघारीस्थित नेपाल ट्रस्टको चौरमा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीसहितको टोलीले निरीक्षण गरेका छन् । उपमहासचिव ज्ञवाली, एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमलगायतका नेताहरूले कार्यक्रमस्थलको अनुगमन गरेका हुन् । उपमहासचिव ज्ञवालीले उदाटनस्थलमा करिब दुई लाख अट्न सक्ने क्षमता रहेको बताउँदै उक्त चौर भरिभराउ हुने बताए । ज्ञवालीले महाधिवेशनका सबै तयारीहरू उत्साहजनक रूपमा अगाडि बढिरहेको जानकारी दिए ।

उद्घाटन सत्रमा देशभरबाट एक लाख ५० हजार बढी कार्यकर्ता सहभागी हुने अनुमान गरिएको छ । महाधिवेशनको उद्घाटनसत्रमा १० हजार स्वयंसेवक परिचालित हुने भएका छन् । पार्टीको महाधिवेशनका लागि गठित स्वयंसेवक परिचालन समितिका संयोजक भानुभक्त ढकालका अनुसार उदाटनको खुल्लासत्रमा १० हजार स्वयंसेवक परिचालन गरिनेछ । संयोजक ढकालका अनुसार महाधिवेशनको बन्दसत्रमा करिब ५०० स्वयंसेवक हुनेछन् । ती स्वयंसेवक पार्टीका विभिन्न २४ जनसंगठन र विभिन्न कमिटीबाट माग गरिएको उनले बताउनुभयो । एमालेले हालै गठन गरेको राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ)ले पनि स्वयंसेवाको समन्वय गर्नेछ ।

महाधिवेशनमा आयोजक र निर्वाचित गरी दुई हजार ४०० प्रतिनिधि रहनेछन् । महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म हुनेछ । एमालेले महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने भएको छ । एमाले उपमहासचिव ज्ञवालीले नेतृत्व चयन प्रक्रिया छिटो छरितो बनाउन यसपटक पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गरिने बताए । एमालेले यसअघि चितवनमा सम्पन्न १०औँ राष्ट्रिय महाधिवेशनमा पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गरेको थियो । 'हामीले नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने निर्णय गरेका छौँ,' ज्ञवालीले भने 'टेण्डर आव्हान भइसकेको छ । चाँडै नै कुन कम्पनीले गर्ने भन्ने निर्णय हुन्छ ।'

■ ■ ■

## श्रम आप्रवासन...

यो तयारी व्यापक र समावेशी प्रक्रियाको परिणाम भएको र सबैजना समाधानको हिस्सा भएमात्र दिगो परिवर्तनसम्भव हुन्छ भन्ने सन्देश दिएको आइएलओको दाबी छ । मलेसियाले श्रम अधिकारका क्षेत्रमा निरन्तर चासो देखाउनुले बाध्यकारी श्रम हटाउने र सबै कामदारका लागि उचित श्रमको प्रवर्द्धन गर्नेतर्फ दृढ राजनीतिक इच्छाशक्ति देखाएको आइएलओले जनाइएको छ ।

त्यहाँको श्रम मन्त्रालयले कार्यशालामा सहभागीको सुझावलाई समावेश गर्दै एनएपी-एफएल २०२६-२०३०को संशोधित मस्यौदा बनाउने तयारी गरेको छ । अद्यावधिक योजना सम्बन्धित मन्त्रालय र एजेन्सीमा प्रेषित गरेपछि र अन्तिम स्वीकृतिको लागि मन्त्रीपरिषद्मा पेश गरिने जनाइएको छ । आइएलअनेले मलेसियालाई नयाँ योजना कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय श्रम मापदण्ड अन्तर्गतका आफ्ना प्रतिबद्धताहरू पूरा गर्न समर्थन जारी राख्ने उल्लेख गरेको छ ।

मलेसिया नेपालीहरूको समेत रोजाइको श्रम गन्तव्य हो । पछिल्लो समय न्यून संख्यामा मात्र मागहरू आएपनि श्रम स्वीकृति नवीकरण गरेर जानेको संख्या उल्लेख्य छ । हाल त्यहाँ करिब तीन लाख ३५ हजार नेपालीहरू वैधानिक रूपमा काम गरिरहेको तथ्याङ्क छ । उपयुक्त हावापानी, राम्रो पारिश्रमिक लगायतका कारण दक्ष, अर्धदक्ष र अदक्ष श्रमिकहरू जाँदै आएका छन् । तर त्यहाँ कार्यरत श्रमिकहरूले यहाँका मेनपावरलाई लाखौं तिरेर गएको, न्यूनतम तलव नपाएको, आधारभूत सेवासुविधा पनि नपाएको, दूतावासमा उजुरी गरे कामबाट निकालिनुपर्ने अवस्था रहेको लगायतका समस्या रहेको बताउँदै आएका छन् ।


**कर्णाली प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी विकास निर्देशनालय**
## पशु अस्पताल तथा पशु सेवा कार्यालय, हुम्ला
### क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धीको सूचना
**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१९**

यस कार्यालयको आ. व. २०८२/८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार चार पाङ्ग्रे गाडी ( Double Cab Pick-Up) १ (एक) थान खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा ८ को उपदफा १ (क, ८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम र अधिकृत विक्रेताद्धारा निर्धारित दरमा क्याटलग सपिङ्ग खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले प्रचलित नियमानुसार यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्वन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण तथा स्पेशिफिकेशनको लागि यस कार्यालयको वेवसाइटः vethoshumla.gov.np बाट हेर्न वा डाउनलोड गर्न सकिनेछ ।

**आवश्यक सवारी साधनको विवरण**

| Type of vehicle | Requirement (general specification) | Required quantity |
|---|---|---|
| Supply and Delivery of DOUBLE CAB PICK-UP | Double Cab Pick-Up, Four Door Right-Hand Drive Model with four wheel drive suitable for rough road operating in Nepal at an altitude up to 2500 meter. Gross Vehicle weight of the vehicle shall not be less than 2500kg. Payload not less than 800kg and shall have seating capacity for at least 5 persons including Driver. | 1 (one) |

**कार्यालय प्रमुख**



**इन्द्रसरोवर गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**कुलेखानी, मकवानपुर**
### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१९**

यस इन्द्रसरोवर गाउँपालिकाको तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संलन तथा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ. फिट) | न्यूनतम वोलतत्र रकम रु. (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| 1 | IRM/NCB/IRC/01/2082/083 | वडा नं. १ मा रहेका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | ३,२५,४५९.९७ | २२,७८,२१९।७९ | कबोल अंक को ५% | ३,००० |
| 2 | IRM/NCB/IRC/02/082/083 | वडा नं. २ मा रहेक निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | ९,४९,९६४.५३ | ६६,४९,७५१.७१ | | ३,००० |
| 3 | IRM/NCB/IRC/03/082/083 | वडा नं. ३ मा रहेका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | २७,९२,०४८.१८ | १,९५,४४,३३७.३० | | ३,००० |

- बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः २०८२/०९/२० दिनको १२:०० बजेभित्र (Only E-Bid)
- बोलपत्र खोल्ने मिति, समय र स्थानः २०८२/०९/२० दिनको १४:०० बजे, इन्द्रसरोवर गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी मकवानपुर

**बोलपत्र सम्बन्धी कागजात खरिदको लागि बैंक खाता सम्बन्धी विवरण**

- खाताको नामः ग १.१ आन्तरिक राजश्व खाता (इन्द्रसरोवर गा.पा.)
- खाता नं. ३५६०४०१००००००८
- बैंको नामः ग्लोवल आइ एम इ बैंक, इन्द्रसरोवर शाखा, मकवानपुर

**बोलपत्र जमानतको बैंक खाता सम्बन्धी विवरण**

- खाताको नामः ग ३ स्थानीय तह धरौटी खाता (इन्द्रसरोवर गा.पा.)
- खाता नं. ३५६०४०१००००००४
- बैंको नामः ग्लोवल आइ एम इ बैंक, इन्द्रसरोवर शाखा, मकवानपुर
- ठेक्का स्वीकृत भएमा कबोल रकम तीन किस्तामा बुझाउनु पर्नेछ । ठेक्का सम्झौता अगाबै तीन किस्ता मध्ये प्रथम किस्ता (३३%) अग्रिम बुझाउनु पर्ने छ र बाँकि २ किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट मिति २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैक जमानत पेश गर्नु पर्नेछ साथै बाँकि स्रो किस्ता ३३% मिति २०८२/१२/३० गते सम्म र तेस्रो किस्ता ३४% मिति २०८३/०३/१५ गते सम्म बुझाउनुपर्नेछ । प्रथम किस्ता बुझाइ बैंक जमानत पेश गर्ने समय थप गर्न माग गर्न पाइने छैन।

बोलपत्र सम्बन्धी शर्तहरु तथा थप जानकारीका लागि indrasarowarmun@gmail.com, infra.indrasarowar@gmail.com, मा सम्पर्क गर्नुहोला । साथै www.bolpatra.gov.np बाट पनि Download गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक २१४ मंसिर १८ गते २०८२ मा प्रकाशित **HR Nepal Services Pvt. Ltd.** को Candy Nails Salon कम्पनीको विज्ञापनमा Lot No. 334709 र चलानी नं.६०२४८३७१ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक २१४ मंसिर १८ गते २०८२ मा प्रकाशित GREAT NEPAL H.R PVT.LTD. को Lot No. 334482 को कम्पनीको नाम GULF OASIS MANPOWER SUPPLY L.L.C. को देशको UAE (युएइ) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

GREAT NEPAL H.R PVT.LTD.



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/१९**

**कर्तब्य फुड्स प्रा. लि.** को मिति २०८२/०८/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फुड पार्क प्रा. लि. (Pashupati) (प्रा.लि नं. २६२०७१)** कायम गर्ने गरी मिति २०८२/०८/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# इन्फ्लुएञ्जा संक्रमणबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इन्फ्लुएञ्जा (फ्लू)बाट बच्न आग्रह गरेको छ । मन्त्रालयले चिसो बढेसँगै इन्फ्लुएञ्जा संक्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो ।

जाडोमा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धासमेत सबै उमेरका व्यक्तिलाई फ्लू लाग्न सक्छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा इन्फ्लुएञ्जा भाइरस संक्रमणको सम्भावना बढी हुने गरेको बताए ।

उनका अनुसार फ्लू भएका अधिकांश व्यक्तिलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधि आवश्यक नपर्ने हुन्छ । तर दीर्घरोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा राख्नुपर्ने हुन्छ ।

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ ।

ज्वरो आउनु, टाउको दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस हुनु यसको मुख्य लक्षण हो ।

बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, शारीरिकरूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने गर्नुपर्दछ । यस्तै बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्ने चिकित्सकको सुझाव छ ।

# पर्यटन र सामाजिक विकास कार्यालयको एकीकृत सेवा

**गलकोट (बागलुङ)–** गण्डकी प्रदेश सरकारअन्तर्गतका दुई कार्यालयले बागलुङ सदरमुकामबाट एकीकृत सेवा दिन थालेका छन् । प्रदेश सरकारको निर्णयबमोजिम दुई कार्यालय एकै ठाउँमा गाभिएर एकीकृत सेवा कार्यालयको रूपमा सञ्चालन गरिएको छ ।

प्रदेश सरकार मातहतमा रहेको उद्योग तथा पर्यटन कार्यालय र सामाजिक विकास कार्यालय गाभिएपश्चात् एकीकृत रूपमा सेवा कार्यालयको रूपमा सञ्चालन गरिएको छ । एकीकृत कार्यालय साविकको उद्योग पर्यटन कार्यालयबाट सञ्चालन गरिएको कार्यालय प्रमुख पारसिंह थापाले जानकारी दिए ।

कार्यालयको बुधबार प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले औपचारिक शुभारम्भ गरेका थिए । गुरुङले सेवा लिन आएका सेवाग्राहीको उद्योग दर्ता तथा नवीकरणको सिफारिस प्रदान गरेर सेवा सञ्चालन गरेका थिए । प्रदेश सरकारले मितव्ययिता कायम र सेवा प्रवाहलाई प्रभावकारी बनाउनका निम्ति कार्यालय गाभेर एकीकृत गरेको हो ।

एकीकृत सेवा कार्यालयले उद्योग, पर्यटनतर्फ दर्ता नवीकरण, तालिम सञ्चालन पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माणलगायतका कार्य गर्ने छ भने सामाजिक विकासतर्फबाट लक्षित वर्गका कार्यक्रम सञ्चालन र विद्यालय तथा मठमन्दिरलगायतका क्षेत्रको पूर्वाधार निर्माणका काम हुने छन् । हाल साविकको उद्योग पर्यटन कार्यालयबाट मुख्य कामकाज सञ्चालन गरिएता पनि साविकको सामाजिक विकास कार्यालयमा सामाजिक विकास तथा शिक्षा शाखा सञ्चालन गरिएको कार्यालय प्रमुख थापाले जानकारी दिए ।

कार्यालय एउटै भए पनि प्रदेश मन्त्रालय भने दुई रहेका छन् । प्रदेश सरकार उद्योग पर्यटन मन्त्रालय र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय रहने छ । गत साउनमा प्रदेश सरकारले विभिन्न सातवटा निर्देशनालय खारेज गर्ने र ३२ कार्यालयलाई एकापसमा गाभेर १७ वटामा सीमित गर्ने निर्णय गरेको थियो । *रासस*

# दुर्गम निगाली गाउँमा बर्थिङ सेन्टर भवन निर्माण कार्य तीव्र

**कञ्चनपुर–** चुरे क्षेत्र नजिकैको अति दुर्गम कृष्णपुर नगरपालिका-१ निगालीमा अत्याधुनिक बर्थिङ सेन्टर भवन निर्माणको कार्य अगाडि बढाइएको छ । ठेक्का प्रक्रियामार्फत दुई करोड रूपैयाँको लागतमा बर्थिङ सेन्टर निर्माणको कार्य अगाडि बढाइएको हो । चालु आवभित्रै निर्माण कार्य पूरा गर्ने गरी ठेक्का सम्झौता गरी कार्य सुरु गरिएको नगरप्रमुख हेमराज ओझाले बताए ।

‘भवन निर्माणपछि तालिम प्राप्त स्वास्थ्यकर्मीसँगै आवश्यक सम्पूर्ण औजार, औषधि र अन्य सामग्रीको व्यवस्था मिलाउछौं,’ उनले भने, ‘नगरपालिकाको अति दुर्गम क्षेत्र भएकाले यस क्षेत्रका गर्भवती महिलालाई सुत्केरी हुनका लागि झण्डै १५ किलोमिटरको यात्रा तय गर्दै अन्यत्र जान नपरोस गाउँमै सुरक्षित सुत्केरी सेवा प्राप्त होस भनेर बर्थिङ सेन्टर भवन निर्माणको कार्य अगाडि बढाएका छौं ।’ निगालीमै रहेको आधारभूत स्वास्थ्य चौकीको सेवालाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मीको नियमियतता र औषधिको पर्याप्ततालाई ध्यान दिइँदै आएको उनले उल्लेख गरे ।

‘वर्षात्का बेला कुमगडालगायतका चुरे क्षेत्रका सडकका ठाउँ-ठाउँमा पहिरो जाँदा सुत्केरी हुने महिलालाई टाढाको बर्थिङ सेन्टर पुग्न निकै समस्या हुने गरेको थियो,’ वडाध्यक्ष मोहनबहादुर बस्नेतले भने, ‘बर्थिङ सेन्टर निर्माणको कार्यले सुत्केरी हुने महिलाले घर आँगनमै सेवा पाउने भएका छन् ।’ जटिलता भएका सुत्केरीबाहेक सबै सुत्केरीलाई बर्थिङ सेन्टरबाटै सेवा उपलब्ध गराउने तयारी नगरपालिकाको रहेको छ । *रासस*

# बूढानीलकण्ठलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल

**काठमाडौं (प्रस)–** बूढानीलकण्ठ नगरपालिकाले धार्मिक एवं पर्यटकीय गन्तव्यका रूपमा रहेको बूढानीलकण्ठ मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्दै आएको छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, सांस्कृतिक तथा वैज्ञानिक संगठन (युनेस्को) सँग बूढानीलकण्ठ विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिएको सो नगरका प्रमुख मीठाराम अधिकारीले बताए । नगरको १२औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अधिकारीले नेपाल सरकारको सम्बन्धित निकाय र पक्षसँग सो विषयमा विभिन्न चरणमा कुरा भएको जानकारी दिए । उनले अधिग्रहण भएका सार्वजनिक जग्गा फिर्ता ल्याउन पालिका सक्रिय भएको बताए ।

प्रमुख अधिकारीले शिक्षा, स्वास्थ्य, पूर्वाधार र खेलकुदलाई प्राथमिकता दिइएको र शिक्षा क्षेत्रको बजेट बढाएर १३ करोड रूपैयाँसम्म पुर्‍याइएको जनाउँदै कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराइएको बताए । सो पालिकाले चार जिपिए ल्याउने सामुदायिक विद्यालयलाई पाँच लाख रूपैयाँ र विद्यार्थीलाई एक लाख रूपैयाँ पुरस्कार दिँदै आएको जानकारी दिएको छ । नगरपालिकाले नगर अस्पतालबाट दैनिक ३०० भन्दा बिरामीको उपचार गर्दै आएको छ ।

स्थापना दिवसका अवसरमा बागमती प्रदेशको श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाले विकास, सुशासन र सेवा प्रवाहमा बूढानीलकण्ठ नगरपालिकाले गरेको कामप्रति प्रशंसा व्यक्त गरे ।


## युएइमा रोजगार
कम्पनी : SANED FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334100 | चलानी नं. ६०२४८४४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | male security guards | 50 | 0 | 1600 | ६२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaners female | 0 | 25 | 1000 | ३९,३०० | | | | | | | |
| 3. | cleaners male | 50 | 0 | 1000 | ३९,३०० | | | | | | | |
| 4. | ass teacher | 0 | 25 | 1600 | ६२,८८० | | | | | | | |
| 5. | loaders | 25 | 0 | 1100 | ४३,२३० | | | | | | | |
| 6. | female security guards | 0 | 25 | 1600 | ६२,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २६ गते (12th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083

I.M.G. Nepal Pvt.Ltd.
Lalitpur Metropolitan City-13,EKANTAKUNA, LALITPUR,
Ph. No: +977-015415570, 9851065124, 9767488184/9801166991, E-mail : imgnepal2@gmail.com,


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना १९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय वीरगंजबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| इस रायल मियाको नाति इद्रिस मिया तेलीको छोरा पर्सा जिल्ला भिस्वा वडा नं. १ हाल, छिपरमाई न.पा. वडा नं. ५ बस्ने **अवनेश मिया** (ना.प्र.नं. : ३४१०१८/११३ जारी मिति र जिल्ला : २०६६/०८/२४, पर्सा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) इस रायल मियाको बुहारी इद्रिस मिया तेलीको पत्नी पर्सा जिल्ला भिस्वा वडा नं. १ हाल, छिपरमाई न.पा. वडा नं. ५ बस्ने **नेसा खातुन** (ना.प्र.नं. : ३४-०१-७३-०८३७५ जारी मिति र जिल्ला : २०७३/०८/०६, पर्सा) |
| २) इस रायल मियाको नाति इद्रिस मिया तेलीको छोरा पर्सा जिल्ला भिस्वा वडा नं. १ हाल, छिपरमाई न.पा. वडा नं. ५ बस्ने **आलिम मिया** (ना.प्र.नं. : ६७६२२५४४ जारी मिति र जिल्ला : २०५१/०७/१३, पर्सा) |


“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


*आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।*
*इन्द्रै बिन्ती गरून् झुकेर पाउमा, त्यो विन्ती मान्दैन त्यो ।*

## भावपूर्ण श्रद्धाञ्जली

**जन्म मिति**
वि.सं. २०५३ पुस १६ गते



**स्वर्गारोहण मिति**
वि.सं. २०८२ मंसिर १६ गते

**स्व. सम्राट आचार्य**

नेपाल पत्रकार महासंघ ललितपुर शाखाका सदस्य तथा अग्रज पत्रकार श्री मुक्तिनाथ आचार्यका कान्छा सुपुत्र तथा युवा आलोक मासिकका सम्पादक **स्व. सम्राट आचार्य**को मिति २०८२/०८/१६ गते मंगलबारका दिन अल्पायु उमेरमा स्वर्गारोहण भएको आज **चौथौं दिन**मा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा परमेश्वरले परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्रदान गरून् ।

**नेपाल पत्रकार महासंघ**
**ललितपुर जिल्ला शाखा परिवार**
**ललितपुर**


## युएइमा रोजगार
कम्पनी : A T V A TECHNICAL AND CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१८ | LT. No. 301952 | चलानी नं. ६०२१६८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 125 | 0 | 900 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २६ गते (12th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1618/079/80

MANPOWER AGENCY NEPAL PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: 985106811, 9705414401, 9705414402, 9705414404, 9705414405

## साउदीमा रोजगार
कम्पनी : WADI ALFALAH FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 319871 | चलानी नं. ६०२४८४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Workers | 2 | 0 | 1000 | ३८,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loader | 1 | 0 | 1000 | ३८,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २६ र २७ गते (12-13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## साउदीमा रोजगार
कम्पनी : GHATER TAHSEEN AL FAHAD AL ABDULAZIZ CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334721 | चलानी नं. ६०२४८४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constructin Labours | 4 | 0 | 1100 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २६ गते (12th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Sukedhara, Opposite to Prime Bank Kathmandu, Nepal
T: +977-01-4586922 | E:- rove35@yahoo.com | w:-www.roveintl.com
Govt.Lic.No 1033/071/072

## युएइमा रोजगार
कम्पनी : KNIGHTS BRIDGE GLOBAL SECURITY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१८ | LT. No. 318785 | चलानी नं.६०२३२९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guard-PSBD | 79 | 0 | 2000 | ७८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Security Guards | 0 | 30 | 2000 | ७८,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २६ गते (12th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com


## धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०८/१९ (प्रभाव राष्ट्रिय दैनिक)**

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी दोस्रो पटक १५ दिने सूचना प्रकाशित गरीएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम १५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको १६ औं दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा ऋणीले समेत आफुले लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संस्था आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समावेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | धितोको विवरण |
|---|---|---|
| १. | **नाम : सबिता श्रेष्ठ**<br>ना.प्र.नं.: ३२४६, काठमाण्डौं<br>जारी मिति : २०६०/०६/०६<br>बाबु : भाईलाल श्रेष्ठ<br>बाजे : कृष्ण बहादुर श्रेष्ठ<br>ठेगाना : दक्षिणकाली-०२, काठमाण्डौं | निज ऋणी सबिता श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल न.पा वडा नं ६ कित्ता नं ३१९ को क्षेत्रफल १५३.६१ ब.मी. सो जग्गाले चर्चेको लिगलगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फारम यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रु ५००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको ग्लोबल आइएमई बैंकको तिनकुने शाखामा रहेको खाता नं. P५०१०१००००४२५ मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्युनतम मुल्याकंन सम्बन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संस्थाको प्रधान कार्यालय कोटेश्वर काठमाण्डौमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ । साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाईनेछैन ।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संस्थाको प्रधान कार्यालय कोटेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । यदि १६ औं दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । १५ दिन सम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।


दर्ता नं. ३८३०/०६८/६९

सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.

प्रधान कार्यालय: का.म.न.पा.- ३२, कोटेश्वर, फोन नं.: ०१-५१९९०९८, ५१९९४७९
सदस्य सेवा केन्द्र: का.म.न.पा.-१४, कुलेश्वर, फोन नं.: ०१-५१६५२१४, ५१६५२३१
सदस्य सेवा केन्द्र: का.म.न.पा.-२४, इन्द्रचोक, फोन नं.: ०१-५९१४३११, ५९१४३१२

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विदेशमा घरेलु कामदारमाथि हुने हिंसा न्यूनीकरण गर्न कदम चाल

**वैदेशिक रोजगारीमा घरेलु कामदारका रूपमा पुगेकाहरू महिलाहरू एकपछि अर्को गर्दै हिंसामा परेका छन् । पछिल्लो प्रतिवेदनहरू हेर्ने हो भने यसरी विदेश जानेहरूको संख्या ठुलो छ । एक त उमेर बढी भएपछि रोजगारीमा जाने, अर्को श्रम स्विकृति बिना वैदेशिक रोजगारीमा पुगेकाहरू बढी हिंसामा पर्ने गरेका छन् । विशेषगरी खाडी मुलुकमा घरेलु कामदारका रूपमा जाने बढी जोखिममा रहेको देखिन्छ । उनीहरू नेपाली बिचौलियाबाट नै हिंसामा पर्ने गर्छन् । घरमै विभिन्न विभेदका कारण बिचौलियाको फन्दामा परेर उनीहरू विदेशिन्छन् ।**

**अवैधानिक बाटोबाट कति महिलाहरू विदेश जान्छन् भन्ने यकिन तथ्याङ्क सरकारसँग छैन । उनीहरूसँग सीप नहुने भएकोले घरेलु कामदार बन्न बाध्य हुन्छन् । बिचौलियाको धम्की र मालिकको मनोमानीका कारण उनीहरू हिंसामा पर्ने गर्छन् । सरकारी तथा गैरसरकारी निकायकाअनुसार खाडीमा हाल चार लाखको हाराहारीमा घरेलु कामदार कार्यरत छन् । यसरी काम गर्नेहरू अधिकांश अवैध माध्यमबाट गएकाहरू रहेको बताईंदै आएको छ । सरकारले यसरी अवैध रूपमा नजान भन्दै सचेतना कार्यक्रमहरू त चलाउँछ । तर मुख्य समस्या चाहि बाध्यता पनि हो । सरकारले यसलाई व्यक्तिको कमजोरीको रूपमा देखाउँछ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव तथा प्रवक्ता पीताम्बर घिमिरेले सरकारलाई नै छकाएर जानु स्वयम् व्यक्तिको पनि कमजोरी भएको बताएका छन् ।**

**यो सरकारको गैरजिम्मेवारीपूर्ण जवाफ हो । एक त सरकारले यस्तो विषयमा नियमन गर्नसक्नुपर्छ । अर्को विषय अधिकारको हो । यहाँ महिला अधिकारको विषयमा अत्याधिक बजेट खर्च हुने गर्छ । तर सम्बन्धित र पीडामा परेका महिलाहरूसम्म यो पुगिरहेको छैन । सररका त्यसरी गएकाहरू समस्यामा परे पन्छिन मिल्दैन । उनीहरूको उद्धार, क्षतिपूर्ति, स्वदेश फिर्तीलगायतमा सरकारले सहयोग गर्नुपर्ने हुन्छ ।**

**वैदेशिक रोजगारीमा जानेहरूको समस्या पहिल्याउन विभिन्न देशमा दूतावासहरू खुलेका छन् । दूतावासका अधिकारीहरूले यस्तो विषयमा ध्यान दिनुपर्ने हो । तर अधिकांश दूतावासका कर्मचारीहरू बिचौलियाले भनेअनुसार नै चल्ने गरेको देखिन्छ । यसले गर्दा समस्यामा परेकाहरू दूतावाससम्म पुग्न पनि मान्दैनन् । कर्म नै यस्तो भन्दै उनीहरू हिंसा सहने गर्छन् । यो भनेको सरासर सरकारको कमजोरी हो । यसैले अबका दिनमा यस्ता खालका हिंसा घटाउन सरकारले पहिलो त रोजगारीमा जाने बाटो खुकुलो बनाउनुपर्छ । यसका लागि बरु नियमन र रोजगारदातासँग कडा सम्झौता गर्नुपर्छ । यो विषयमा सरकारले बेलैमा सोचोस् र कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याओस् ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# एमडिजिपी स्वास्थ्य प्रणालीका मेरुदण्ड



❑ डा. विश्वराज दवाडी

नेपालको विकट भौगोलिक वास्तविकतालाई हेर्दा हामीलाई हरेक विधाका 'माइक्रो-स्पेसलिस्ट' भन्दा पनि सबै विधाको आधार भूत ज्ञान, शल्यक्रियाको सीप र आकस्मिक सेवाको क्षमता भएका एमडिजिपी डाक्टरहरूको खाँचो बढी छ । जबसम्म गाउँको स्वास्थ्य चौकीलाई केवल रिफर गर्ने ठाउँबाट जीवन बचाउन सक्ने 'उपचार केन्द्र' मा बदल्न सकिँदैन, तबसम्म लाखौं नेपाली गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहने छन् । यो दूरदृष्टिलाई साकार पार्नका लागि एमडिजिपी विशेषज्ञहरूको भूमिकालाई राज्यले उच्च सम्मान र कदर गर्नैपर्छ ।

नेपाली समाजमा डाक्टर भन्नेबित्तिकै कि त 'एमबिबिएस' को सामान्य चिकित्सक कि त मुटु, पेट, स्नायु वा मिर्गौलाजस्ता निश्चित अंगको उपचार गर्ने 'विशेषज्ञ' भन्ने बुझाइ रहेको छ । तर, नेपालको विषम् भौगोलिक बनोट र सीमित स्वास्थ्य पूर्वाधारका लागि यी दुई विधाको बीचमा एउटा यस्तो अत्यन्त महत्त्वपूर्ण र बहुमुखी विधा छ, जसलाई नेपालको स्वास्थ्य प्रणालीको 'मेरुदण्ड' मानिन्छ- त्यो हो एमडिजिपी अर्थात् 'जनरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन' मा विशेषज्ञता ।

नेपालको सुदूर पहाडी जिल्ला अस्पतालहरूको संकटकालीन वार्डदेखि काठमाडौंका व्यस्त कर्पोरेट अस्पतालहरूको आकस्मिक विभागसम्म, एमडिजिपी डाक्टरहरूले नेपाली स्वास्थ्य सेवाको मुहार फेरिरहेका छन् । उनीहरूको भूमिका, क्षमता र नेपालले बेहोरिरहेका स्वास्थ्य चुनौतीहरूमाथिको प्रभावका बारेमा धेरै चर्चा हुने गरेको पाइँदैन ।

एमडिजिपीलाई धेरैले केवल 'जनरल फिजिसियन' वा 'सामान्य चिकित्सक'को रूपमा बुझ्ने गर्छन्, तर यो बुझाइ पूर्णतया अपूर्ण छ । एमडिजिपी एउटा पूर्णकालीन तीन वर्षे स्नातकोत्तर (पिजी) विशेषज्ञता हो । यो विशेषज्ञताले चिकित्सकलाई आधारभूत चिकित्सा र शल्यक्रियाका विभिन्न विधामा सघन तालिम दिन्छ । एमडिजिपीलाई चिकित्सा क्षेत्रमा 'स्विस आर्मी नाइफ' पनि भनिन्छ । जसरी स्विस आर्मी नाइफमा अनेकन औजारहरू एकीकृत हुन्छन्, त्यसरी नै एक एमडिजिपी डाक्टरले एकैसाथ बालरोग, स्त्रीरोग (प्रसूतिसहित), हाडजोर्नी (अर्थोपेडिक्स), सामान्य शल्यक्रिया (जनरल सर्जरी) र सबैभन्दा महत्त्वपूर्ण रूपमा आकस्मिक चिकित्साको जिम्मेवारी सम्हाल्न सक्छन् । उनीहरूले बच्चाको भ्याक्सिनदेखि गर्भवतीको जटिल शल्यक्रिया (सिजरियन सेक्सन), भाँचिएको हाडको प्लास्टर र हृदयाघात वा गम्भीर दुर्घटनाको प्रारम्भिक जीवनरक्षक उपचारसम्म गर्नसक्ने क्षमता राख्छन् । यो बहुआयामिक क्षमता नै नेपालको ग्रामीण स्वास्थ्य सेवाका लागि अपरिवर्तनीय बनेको छ ।

**क) ग्रामीण नेपालमा:** 'एक डाक्टर, अनेक अस्पताल'

नेपालका करिब ६० प्रतिशत जनसंख्या बसोबास गर्ने दुर्गम पहाडी भूभागमा स्वास्थ्य सेवाको पहुँच गम्भीर चुनौतीका रूपमा रहेको छ । मुटु, मस्तिष्क वा बालरोग विशेषज्ञहरू ती ठाउँमा पुग्न सम्भव छैन । यही शून्यपनलाई एमडिजिपी डाक्टरहरूले 'फ्रन्टलाइन कमाण्डर' बनेर भरिरहेका छन् ।

## जीवन बचाउने शल्यक्रिया र प्रसूति सेवा

डोल्पा, अछाम, ताप्लेजुङ, मनाङ वा दार्चुलाजस्ता भौगोलिकरूपमा विकट जिल्ला अस्पतालहरूमा जब बिरामीलाई जीवन-मरणको संकट आइपर्छ, तत्काल काठमाडौं वा ठूला सहरमा पठाउन घण्टौं वा दिनौं लाग्न सक्छ । उदाहरणका लागि, गर्भवती महिलाको पाठेघरमा बच्चा अड्किँदा वा आन्द्रा फुट्दा (परफोरेटेड एपेण्डिक्स), केही मिनेटको ढिलाइले पनि बिरामीको ज्यान जान सक्छ । यस्तो संकटकालीन घडीमा एमडिजिपी डाक्टरले नै तत्काल अपरेसन गरेर बिरामी बचाउँछन् । सिजरियन सेक्सनमा शल्यक्रिया गरेर आमा र बच्चा दुवैको जीवन बचाउँछन् । उनीहरूले उपलब्ध सीमित स्रोत र उपकरणका बाबजुद पनि 'सर्जरी' र 'प्रसूति' सेवा दिएर ग्रामीण अस्पताललाई 'रिफर सेन्टर' बाट 'उपचार केन्द्र' मा रूपान्तरण गरेका छन् ।

## कुशल व्यवस्थापकीय नेतृत्व

एमडिजिपी डाक्टरहरू केवल उपचारकर्ता मात्र होइनन्, ग्रामीण जिल्ला अस्पतालहरूमा प्रायः उनीहरू नै अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट (मेसु) पनि हुन्छन् । उनीहरूले सीमित बजेट र जनशक्तिका बीच अस्पतालको व्यवस्थापन गर्ने, स्वास्थ्यकर्मीहरूलाई नेतृत्व दिने, आधारभूत ल्याब र औषधिहरू उपलब्ध गराउने र ठूला स्वास्थ्य शिविरहरू आयोजना गर्ने जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका हुन्छन् । उनीहरूको नेतृत्व क्षमताले नै दुर्गमका स्वास्थ्य संस्थालाई चलायमान बनाइराखेको हुन्छ ।

## विवेकपूर्ण 'रिफरल' प्रणाली

एमडिजिपी डाक्टरहरूको व्यापक ज्ञानले गर्दा उनीहरूले बिरामीलाई 'ट्राइज' गर्न सक्छन् । उनीहरूले कुन बिरामीको उपचार गाउँमै सम्भव छ र कसलाई मात्र सहर पठाउनु अनिवार्य छ भन्ने निर्णय क्षमता राख्छन् । यसले गर्दा अनावश्यकरूपमा अन्य अस्पतालहरूमा पठाइने बिरामीहरूको संख्या कम हुन्छ, जसले बिरामीको लाखौं रूपैयाँ र समयको बचत गर्नुका साथै ठूला सहरी अस्पतालहरूको अनावश्यक बोझ पनि घटाउँछ ।

**ख) सहरी क्षेत्र:** 'फ्यामिली डाक्टर' को उदय

सहरका ठूला अस्पतालहरूमा विशेषज्ञहरूको भीड भए पनि एमडिजिपी डाक्टरको भूमिका त्यहाँ पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ तर निम्न बुँदाहरूको आधारमा त्यस भूमिकालाई फरक ढंगले पनि हेर्न सकिन्छ:

## होलिस्टिक केयरको पैरवी

आजको सहरी जीवनशैलीमा हुर्किएका अधिकांश बिरामीहरू सामान्य लक्षणका लागि पनि विशिष्ट विशेषज्ञकहाँ धाउँदा हैरान हुने गर्छन् । टाउको दुख्दा न्युरोलोजिस्ट, पेट दुख्दा ग्यास्ट्रोलोजिस्ट र छालाको समस्याका लागि डर्माटोलोजिस्ट कहाँ जानुपर्ने बाध्यता छ । एमडिजिपी डाक्टरहरूले यसको साटो बिरामीको समग्र स्वास्थ्य जाँच गर्छन् । उनीहरूले बिरामीको शारीरिक समस्यामात्र होइन, मानसिक स्वास्थ्य, जीवनशैली, पारिवारिक इतिहास र सामाजिक अवस्थालाई पनि बुझेर उपचारको योजना बनाउँछन् । यसले गर्दा सही विशेषज्ञ कहाँ जाने भन्ने अलमल हट्छ र निरन्तर तथा व्यापक स्वास्थ्य सेवा सुनिश्चित हुन्छ । यसरी उनीहरूले पहिलो सम्पर्क विन्दुका रूपमा कार्य गरेका हुन्छन् ।

## इमर्जेन्सी विभागका कमाण्डर

काठमाडौं, पोखरा वा विराटनगरका अधिकांश ठूला अस्पतालका आकस्मिक विभागको नेतृत्व एमडिजिपी डाक्टरहरूले नै गरिरहेका छन् । दुर्घटना, हृदयघात, स्ट्रोक, वा अन्य आकस्मिक अवस्थाका बिरामीहरू आउँदा उनीहरूले नै तुरुन्तै बिरामीको अवस्था आकलन गरी 'ट्राइज' गर्छन् अर्थात् कसलाई पहिला उपचार गर्ने र कुन विशेषज्ञलाई बोलाउने भनेर तत्काल निर्णय गर्छन् । उनीहरूको तीव्र निर्णय क्षमता र बहुआयामिक सीप आकस्मिक सेवाको जीवनरेखा हो ।

## दीर्घरोग व्यवस्थापन

उच्च रक्तचाप, मधुमेह, थाइराइडजस्ता दीर्घकालीन रोगहरूको नियमित 'फलोअप' र जीवनशैली परामर्शका लागि एमडिजिपी डाक्टरहरू सबैभन्दा उपयुक्त मानिन्छन् । उनीहरूले बिरामीसँग दीर्घकालीन सम्बन्ध स्थापित गरी रोगलाई नियन्त्रणमा राख्न र जटिलताहरू आउन नदिन मद्दत गर्छन् ।

## भविष्यको मार्गचित्र

एमडिजिपी डाक्टरहरूको यति धेरै महत्त्व हुँदाहुँदै पनि नेपालमा उनीहरूले उचित पहिचान र प्रोत्साहन पाउन सकेका छैनन् । यस विधाका डाक्टरहरूले सामना गरिरहेका केही मुख्य चुनौतीहरू यस प्रकार छन्:

**सरकारी दरबन्दीको कमी:** सरकारले जिल्ला अस्पतालहरूमा एमडिजिपी डाक्टरहरूको आवश्यक संख्यामा स्थायी दरबन्दी सिर्जना गर्न सकेको छैन ।

**प्रोत्साहनको अभाव:** दुर्गममा काम गर्ने एमडिजिपीहरूलाई पर्याप्त आर्थिक सुविधा, आवास, र करियर विकासको अवसर नहुँदा उनीहरू सहरी क्षेत्रमा वा विदेश पलायन भइरहेका छन् ।

**जनमानसमा गलत बुझाइ:** विशेषज्ञको रूपमा स्पष्ट पहिचान नहुँदा बिरामीहरूले पनि उनीहरूको क्षमतालाई कम आँक्ने गरेको अवस्था अझै पनि छ ।

यसमा निक साइमन्स इन्स्टिच्युटजस्ता संस्थाहरूले ग्रामीण क्षेत्रमा एमडिजिपी डाक्टर हरूलाई पठाउन प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् तर यो दीर्घकालीन समाधान होइन । राज्यले अब एमडिजिपीलाई प्राथमिकता प्राप्त विशेषज्ञ मानेर तत्कालै कदम चाल्नुपर्छ । प्रत्येक जिल्ला अस्पतालमा अनिवार्य एमडिजिपीको दरबन्दी: कम्तीमा दुईदेखि तीन जना एमडिजिपी विशेषज्ञहरूको स्थायी पद सिर्जना गरिनुपर्छ । दुर्गम भत्ता र विशेष प्रोत्साहन प्याकेज ल्याएर दुर्गममा काम गर्न आकर्षक तलब, सुविधा र शैक्षिक अवसरहरू प्रदान गर्नुपर्छ । 'फ्यामिली मेडिसिन' को रूपमा विकास गरी सहरी क्षेत्रमा 'फ्यामिली डाक्टर'को अवधारणालाई स्थापित गर्नुपर्छ, जसले एमडिजिपीहरूको पहिचानलाई अझ बलियो बनाउन आवश्यक छ ।

## निष्कर्ष

नेपालको विकट भौगोलिक वास्तविकतालाई हेर्दा हामीलाई हरेक विधाका 'माइक्रो-स्पेसलिस्ट' भन्दा पनि सबै विधाको आधारभूत ज्ञान, शल्यक्रियाको सीप र आकस्मिक सेवाको क्षमता भएका एमडिजिपी डाक्टरहरूको खाँचो बढी छ । जबसम्म गाउँको स्वास्थ्य चौकीलाई केवल रिफर गर्ने ठाउँबाट जीवन बचाउन सक्ने 'उपचार केन्द्र' मा बदल्न सकिँदैन, तबसम्म लाखौं नेपाली गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहने छन् । यो दूरदृष्टिलाई साकार पार्नका लागि एमडिजिपी विशेषज्ञहरूको भूमिकालाई राज्यले उच्च सम्मान र कदर गर्नैपर्छ । उनीहरूलाई प्रोत्साहन दिएर नेपालको स्वास्थ्य सेवालाई बलियो र समावेशी बनाउनु आजको तत्कालको आवश्यकता हो । *रासस*

***(लेखक जेनरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन एसोसिएसन नेपालका अध्यक्ष हुन्)***

## पाठक मञ्च

# हिंसा भड्काउन उक्साउनेलाई कारवाही होस्

कसैले कसैलाई आत्महत्या गर्न उक्सायो, ज्यान लिन उक्सायो, राज्य वा व्यक्तिको सम्पत्तिमा क्षति पुर्‍यायो भने कानुनबमोजिम कैद सजाय भोग्नुपर्छ, जरिवाना तिर्नुपर्छ । भदौ २३ गतेको जेन-जी प्रदर्शन र २४ गतेको विध्वंशमा सरकारी र व्यक्तिको सम्पत्तिमा ठूलो क्षति पुगेको छ ।

सरकारी भवनहरू जलाइएको छ भने व्यक्तिको सम्पत्तिमा तोडफोड र आगजनी भएको छ । अर्काको सम्पत्तिमा क्षति पुर्‍याउने, सुरक्षाकर्मीको हातहतियार लुट्नेलगायतका कसुरमा प्रहरीले झण्डै साढे ३०० जनालाई नियन्त्रणमा लिइसकेको छ । अरुको सम्पत्तिमा क्षति पुर्‍याउन पाइँदैन भन्ने कुरा जनतालाई स्पष्ट थाहा छ ।

तैपनि, जानाजान अराजकता मच्चाउने र देशलाई खरानी बनाउने काम गरियो । एकछिनको उग्रताले कैदसँगै क्षति पनि तिर्नुपर्ने भएको छ । सरकारले आन्दोलनको नाममा अपराध मच्चाउनेहरूलाई त पक्राउ गर्‍यो । तर, आन्दोलन आह्वान गर्नेलाई चाहिँ किन छुट ? जेन-जीको नाममा नेता बनिरहेकाहरूले आन्दोलनको आह्वान गरे ।

जनतालाई उक्साए । उनीहरूको उक्साहटमा आएर सरकारी र निजी सम्पत्तिमा आगजनी र तोडफोड गरियो । ती उक्साउने र आन्दोलनमा बोलाउनेलाई कारबाही हुने कि नहुने ? आन्दोलन आह्वान गर्नेहरू अहिले प्रधानमन्त्रीसँग वार्ता गर्दै हिँडेका छन् । आफूहरूलाई जेन-जीको नेता भन्छन् ।

सरकारी बैठकमा पुग्छन् । कोही नेता बनिरहँदा कोहीचाहिँ जेलको चिसो भुइँमा बस्न बाध्य भएका छन् । उनीहरूको परिवार पनि सकियो, जिन्दगी पनि । जेन-जीको नाममा आन्दोलनको आह्वान नगरेको भए, उनीहरू आउँदैनथें । न राज्यको सम्पत्तिमा क्षति हुन्थ्यो न व्यक्तिको । जेन-जीका नेता भनाउँदाले सबैलाई बोलाए, उनीहरू आए, अब जेल जीवन बिताउनुपर्ने भएको छ ।

नेपालको संविधान, २०७२ मा जनताको जनधनको सुरक्षा सरकारले गर्नुपर्ने उल्लेख छ । जनता र सरकारको सम्पत्ति सुरक्षा गर्नका लागि सडकमा सुरक्षाकर्मी छन् । आन्दोलन चर्कियो, नियन्त्रणभन्दा बाहिर गयो भने सुरक्षाकर्मीले आदेशविनै घुँडामुनि गोली चलाउन पाउँछ ।

शान्तिपूर्ण भनिएको भदौ २३ गतेको आन्दोलन एकाएक अनपेक्षित मोडमा गयो । आन्दोलनकारीहरू संसद् भवन प्रवेश गर्न खोजे । सुरक्षाकर्मीले भीडलाई संसद् भवन प्रवेश गर्न रोक्नका लागि गोली चलाए । त्यसपछि आन्दोलन हिंसात्मक र ध्वंशात्मक बन्यो । सुरक्षाकर्मीमाथि कुटपिट, सरकार र व्यक्तिको सम्पत्तिमा तोडफोड र आगजनी गर्ने काम सुरु भयो ।

यदि, नेताले भ्रष्टाचार गरेका छन् भने उनीहरूको सम्पत्ति छानबिन गरेर राष्ट्रियकरण गर्नुपर्छ । उनीहरूलाई कानुनबमोजिम सजाय दिनुपर्छ । तर, त्यस दिन कानुनलाई नै आफ्नो हातमा लिने काम भयो । आन्दोलनकारीहरूले जे-जे भेटे, त्यहीँत्यहीँ जलाउन थाले । यसले के देखिन्छ भने उनीहरू देशलाई खरानी र राज्यलाई कंगाल बनाउन परिचालित भएका थिए । त्यसदिन भएको खर्बौं क्षतिको भर्पाइ कसले गर्ने ?

पहिले अगाडि आउन डराए, अनि अहिलेचाहिँ बर्खामा च्याउ उम्रेझैं आफूलाई जेन-जीको नेता भन्दै हिँडेका छन् । उनीहरू कसरी जेन-जीको नेता ? आन्दोलन गर्नुअगाडि कहीँ कतै सार्वजनिक नभएकाहरूले एकाएक आफूलाई जेन-जीको नेता भन्न मिल्छ ?

राजनीतिक आन्दोलनको नाममा राज्यको सम्पत्तिमा क्षति पुर्‍याउने र व्यक्तिको ज्यान लिनेलाई कानुनअनुसार सजाय दिने कि छोड्ने ? गम्भीर प्रश्न छ । पर्दाभित्र बसेर आन्दोलन आह्वान गर्नेलाई छोड्ने र उनीहरूको आह्वानमा आउनेलाई मात्र समात्ने हो भने 'सानालाई ऐन, ठूलालाई चैन' फेरि पनि पुष्टि हुन्छ । देशमा हिंसा भड्काउन उक्साउनेहरूलाई पनि कानुनअनुसार कारबाही गर्न आवश्यक छ ।

**- अनुसा थापा**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# धानको कुन्यूसँगै जल्यो मुसहर परिवारको सपना

■ सुदिप राउत

**सिरहा–** सिरहाको धनगढीमाई-३ कुर्वा गाउँको सानो मुसहर बस्तीमा यतिबेला सन्नाटा छाएको छ । जाडो मौसमसँगै बिहानीको हावा जति चिसो छ, बस्तीको रमेशी सदायको मन त्यसभन्दा धेरै चिसिएको छ । बुधबार दिउँसो घर आँगनको छेउमा चुपचाप बसिरहेका उनी वर्षभरि पसिना बगाएर फलाएको धान एकैरातमा खरानी बनेको क्षण सम्झिँदै टोलाइरहेका थिए ।



पाँच जनाको परिवार रहेको ७२ वर्षीय रमेशी र उनको घरपरिवारका आँखा चार दिनसम्म पनि ओभाएको सकेको छैन । अज्ञात समूहले शनिबार खेतमा रहेको कुन्यूमा आगजनी गरेपछि विपन्न मुसहर परिवारमाथि बज्रपात परेको छ । करिब १४ क्विन्टल धान जलेर खरानी भएपछि सदाय परिवारको वर्षभरिको अन्नको जोहो गर्ने सपना पनि खरानी भएको छ । मानो रोपेर मुरी उब्जाएको त्यो अन्नसँग वर्षभरि पेट पाल्ने आशा पनि थियो । खडेरीका बेला अतिरिक्त पैसा तिरेर सिँचाइ गरी दुई दिन लगाएर छोरा-बुहारीसहित काटेको धान भित्रयाउन नपाउँदै मध्यरातमा कसैले आगो लगाएपछि धानसँगै यो परिवारको सपना पनि जलेको हो ।

'खडेरीका बेला अतिरिक्त रकम तिरेर छिमेकीको बोरिङबाट सिँचाइ गरेँ । दुःख गरेर रोपेको धान भित्रयाउन नपाउँदै एकैरातमा खरानी बनाइयो,' एकछिन आवाज अवरुद्ध गर्दै सदायले भने, 'अब हामी के खाएर बस्ने ? हामीले कसको के बिगारेका थियौं र ? गरिबको हातले उब्जाएको अन्नको के दोष थियो ? नाति, छोराबुहारीसहित पाँच जनाले वर्षदिन खाने अन्न नै जलाइदिएर हामी गरिबमाथि ठूलो अन्याय गरे ।' सदायकी श्रीमती भुल्लीदेवी सदायका अनुसार १३० वटा बोझा (बिटा) बनाएर त्रिपाल बिछ्याई धानको कुन्यू लगाइएको थियो । आठ क√ा खेतको करिब १६ क्विन्टल धान भित्रयाउन नपाउँदै जलेर नष्ट भएको उनले बताइन् ।

बाबुआमासँग बस्दै आएका कान्छा छोरा लाले सदाय पनि दुःख गरेर फलाएको धान भित्रयाउन नपाउँदै सत्रु लागेको बताउँछन् । 'साँझ पर्न लागेकाले कुन्यू बनाएर १३० बोझा राखेका थियौं । भोलिपल्ट बोरामा हालेर घर ल्याउने तयारी थियो, तर बिहान पुग्दा एक गेडा धान पनि बाँकी रहेन । मान्छेले कसरी यस्तो गर्न सक्छ ? यो प्रश्नले रात-दिन सताइरहेको छ,' उनले भने, 'त्यो १६ क्विन्टल धान अन्नमात्र थिएन, त्योसँग वर्षभरिको पराल, गुइँठा, चामल, चाडपर्व, छोरोको शैक्षिक खर्चजस्ता थुप्रै योजनाहरू जोडिएका थिए ।'

सदाय परिवारले आगलागी भएको कुन्यू नजिकै मदिरा पसल चलाउने आशाकुमार रायसहित अन्य केही व्यक्तिविरुद्ध भोलिपल्टै प्रहरीमा उजुरी दिएपछि घटनाको अनुसन्धान भइरहेको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार स्थानीय प्रहरी टोलीले घटनास्थलमा पुगेर कागजी प्रमाणसहित सूक्ष्म अनुसन्धान गरिरहेको छ । 'धनगढीमाईस्थित इलाका प्रहरी कार्यालयमा कुर्वा गाउँका आशंका गरिएका पाँच जनालाई बोलाई सोधपुछ गरिएको छ र उनीहरूलाई दैनिक हाजिरीमा राखिएको छ,' उनले भने ।

धनगढीमाई-३ का वडाध्यक्ष वीरेन्द्रकुमार साह विपन्न मुसहर परिवारले उब्जाएको धानमा गरिएको आगजनीलाई अक्षम्य अपराध भएको बताउँछन् । उनी भन्छन्, 'जो-जसले गरे पनि गरिबको पेट जलाउनु अक्षम्य अपराध हो । जस्तोसुकै रिसइवी भए पनि खाने अन्न जलाउनु हुँदैनथ्यो । प्रहरीले जसरी भए पनि अपराधी पत्ता लगाएर कारबाही गर्नुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ ।' *रासस*

# अस्पताल भवन अलपत्र छाडेर ठेकेदार सम्पर्कविहीन

**भोजपुर–** यहाँको टेम्केमैयुङ गाउँपालिका-७ कोटमा निर्माणाधीन अस्पताल भवनको काम पाँच वर्षदेखि अलपत्र बनेको छ । काम छाडेर ठेकेदार सम्पर्कविहीन बनेपछि अस्पताल निर्माण अलपत्र बनेको हो । वि.सं. २०७८ मा दुई वर्षभित्र सम्पन्न गर्नेगरी १५ शयचाको अस्पताल निर्माण थालिएको थियो । ठेकेदारले मैदान सम्याएर, कम्पाउण्ड र रिटेनिङ वालमात्र लगाएर सम्पर्कविहीन भएपछि स्थानीय निराश भएका छन् ।

अस्पताल सम्झौताअनुसार २०८० सालको असारमा सम्पन्न गर्नेगरी भूमि हिमालयन जेभीले निर्माणको जिम्मा लिएको थियो । सम्झौता अवधि सकिएको दुई वर्ष बितिसक्दा पनि हालसम्म १० प्रतिशतमात्र काम गरेर ठेकेदार विवेश कार्की सम्पर्कविहीन बनेका गाउँपालिकाले जनाएको छ ।

अस्पताल निर्माणको कूल लागत भ्याटबाहेक १० करोड १३ लाख ८३ हजार रूपैयाँ रहेको छ । हालसम्म निर्माण कम्पनीले ९१ लाख रूपैयाँ भुक्तानी लगेको गाउँपालिकाले जनाएको छ । खेती गरिरहेको जग्गा अस्पताल निर्माणका लागि दिएका स्थानीयले काम अलपत्र बनेपछि ठेकेदारलाई कारबाहीको माग गरेका छन् । काममा लापरवाही गर्ने ठेकेदारलाई कानुनी दायरामा ल्याएर कारबाही गर्नुपर्ने माग रहेको स्थानीय भवानी नेपालले बताए ।

'अस्पताल निर्माण पाँच वर्षदेखि अलपत्र छ,' उनले भने, 'अस्पताल बनेर सेवा पाइएला भन्ने आशामा जग्गा दिएका थियौं । अहिले काम अलपत्र बनेपछि हामी निराश बनेका छौं । सरकारले ठेकेदारलाई कारबाहीको दायरामा ल्याएर काम सञ्चालन गर्न हामी माग गर्दछौं ।'

देशविदेशमा रहेका कोटबासी तथा स्थानीयसँग समन्वय गरेर १३.५ रोपनी जग्गा अस्पताल निर्माणका लागि प्रदान गरिएको स्थानीय योगेन्द्र कटुवालले बताए । स्थानीयसँग रकम संकलन गरेर जग्गा खरिद गरिएको उनको भनाइ छ ।

'अस्पताल बन्ने आशामा देशविदेशमा रहेका तथा स्थानीयसँग समन्वय गरी रकमको व्यवस्थापन गरेर जग्गा प्रदान गरेका हौं,' उनले भने, 'अहिले खेती गरिरहेको जग्गा बाँझिएको छ । लामो समयसम्म पनि अस्पताल बनेन ।'

गाउँपालिकाले अस्पताल भवन समयमा सम्पन्न गराउन पटक-पटक समन्वय गरे पनि निर्माण कम्पनी सम्पर्कमा नआएको टेम्केमैयुङ गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले बताए । ठेकेदारले लामो समयदेखि काम अपलत्र पारेकाले गाउँपालिकाले उक्त कम्पनीलाई कारबाहीको प्रक्रिया अघि बढाउने तयारी गरिरहेको उनले जानकारी दिए ।

'ठेकेदारका कारण कोट अस्पताल निर्माण अलपत्र बनेको छ,' अध्यक्ष बस्नेतले भने, 'कामलाई शीघ्र अघि बढाउन पालिकाको तर्फबाट पटक-पटक ताकेता गर्दा पनि ठेकेदार सम्पर्कमा आएन । अब भने कारबाहीको थप प्रक्रिया अघि बढाउने तयारीमा छौं ।' यहाँ अस्पताल बनेपछि टेम्केमैयुङ-६, ७, ५ ८ र ९ का स्थानीय लाभान्वित हुने छन् । *रासस*


कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि विकास कार्यालय, हुम्ला**

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धीको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१९**

यस कार्यालयको आ.व. २०८२/८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार चार पाङ्ग्रे गाडी (Double Cab Pick-Up) १ (एक) थान खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा ८ को उपदफा १ (क, ८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम र अधिकृत विक्रेताद्धारा निर्धारित दरमा क्याटलग सपिङ्ग खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले प्रचलित नियमानुसार यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्वन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण तथा स्पेशिफिकेशनको लागि यस कार्यालयको वेवसाइटः adohumla.gov.np बाट हेर्न वा डाउनलोड गर्न सकिनेछ ।

**आवश्यक सवारी साधनको विवरण**

| Type of vehicle | Requirement (general specification) | Required quantity |
|---|---|---|
| Supply and Delivery of Double Cab Pick-Up | Double Cab Pick-Up, Four Door Right-Hand Drive Model with four wheel drive suitable for rough road operating in Nepal at an altitude up to 2500 meter. Gross Vehicle weight of the vehicle shall not be less than 2500kg. Payload not less than 800kg and shall have seating capacity for at least 5 persons including Driver. | 1 (one) |

**कार्यालय प्रमुख**


# बागलुङमा एक मतदानस्थल थपिने, दुई स्थानान्तरणका लागि सिफारिस

**बागलुङ (प्रस)–** आगामी फागुन २१ को प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी जिल्लामा एक मतदानस्थल थप गर्न र दुई मतदानस्थल स्थानान्तरणका लागि सिफारिस गरिएको छ । जिल्ला निर्वाचन कार्यालयकाअनुसार मतदाताको बढ्दो संख्या, भौगोलिक चुनौती र पिछडिएका बस्तीमा पहुँच सहज बनाउन नयाँ मतदानस्थल थप तथा मतदानस्थल सार्न निर्वाचन आयोगसमक्ष सिफारिस गरिएको हो ।

जिल्ला निर्वाचन कार्यालय प्रमुख यज्ञ रिजालले गलकोट नगरपालिका-११ रत्नलक्ष्मी माध्यमिक विद्यालय रिघाबाट आंशिक मतदाता सारेर मनेवा आधारभूत विद्यालयलाई मतदानस्थलका रूपमा थप गर्न सिफारिस गरिएको बताए । रिघामा हाल रहेका दुई हजार ८०० मतदातामध्ये एक हजार १९० मतदातालाई मनेवा आविमा ल्याएर मतदानस्थलको रूपमा कायम गर्न सिफारिस गरिएको रिजालको भनाइ छ ।

त्यसैगरी बागलुङ नगरपालिकाको एक मतदानस्थल र बडिगाड गाउँपालिकाको एक मतदानस्थललाई पूर्वाधारको अभाव तथा भौगोलिक चुनौतीका कारण स्थानान्तरण सिफारिस गरिएको जनाइएको छ । बागलुङ नगरपालिका-८ सिगानाको मतदानस्थल र बडिगाड गाउँपालिका-१० को मतदानस्थललाई पायक पर्ने स्थानमा स्थानान्तरण गर्न लागिएको हो ।

बागलुङ नगरपालिका-८ सिगाना वडा कार्यालयको मतदान केन्द्रलाई सिगाना स्वास्थ्य चौकीमा सार्ने योजना बनाइएको छ । वडा कार्यालयमा मतदानस्थल साँघुरो भएकाले सार्न सिफारिस गरिएको हो । बडिगाड गाउँपालिका-१० साविकको वडा कार्यालयमा भएको मतदानस्थल रनामस्थित नयाँ वडा कार्यालयमा सार्न सिफारिस गरिएको निर्वाचन कार्यालय प्रमुख यज्ञ रिजालले बताए ।

सिफारिस गरिएको नयाँ मतदानस्थल र स्थानान्तरणको विषयमा आयोगको निर्णय भने आउन बाँकी छ । सिफारिस गरिएको मतदानस्थल स्वीकृत भएमा यसअघिको निर्वाचनमा १०६ मतदातस्थल रहेको जिल्लामा जिल्लामा १०७ मतदानस्थल हुने छ । गत निर्वाचनमा २३१ मतदान केन्द्र थिए भने बढेको मतदाता संख्याको आधारमा आयोगले केन्द्रसमेत थपेर पठाउने छ ।

जिल्लामा यसअघि एक लाख ८९ हजार १७३ जना मतदाता रहेकामा हाल पाँच हजार ९९३ मतदाता थपिएका छन् ।


**उदयपुरगढी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**उदयपुरगढी, उदयपुर**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०८/१९**

यस कार्यालयबाट मिति २०८२-०८-०३ गते राष्ट्रिय दैनिक पत्रिकामा आर्थिक प्रस्ताव खोल्नको लागि प्रकाशित सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरूको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्र मुल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं./बिवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने.रु. (भ्याट र ps सहित) |
|---|---|---|---|
| १. | Contract No. URM/NCB/Works/03-2082/83, Construction and Upgrading of Nepaltar- Udayapurgadhi Durbar Sadak Blacktop ( Chainage 2+000 to 6+000 km) | Adhikari Construction and Suppliers Pvt. Ltd., Dudhauli Municipality -2, Sindhuli | 4,37,68,850.55/- |

**प्रमुख प्रशासकीय अधिकृत**



**Lekam Rural Municipality**

**Office of the Rural Municipality Executive**

**Ratamata, Darchula**

**Notice for Invitation of EOI**

**Date of publication : 2082/8/19**

Name of Project: Community based child and meternal nutrition improvement and promotion program.

1. The Lekam Rural Municipality now invites Expression of Interest (EOI) from eligible consulting firms (“consultant”) to provide the following consulting services: Community based child and meternal nutrition improvement and promotion program.
2. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Office lekam Rural Municipality Ratamata Darchula during office hours on or before 2082/9/20 or visit e-GP system www.bolpatra.gov.np/egp
3. Consultants may associate with other consultants to enhance their qualifications.
4. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before2082/9/20 and 12.00 noon].
5. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
6. EOI will be assessed based on Qualification [30 percent], Experience [50 percent], and Capacity [20 percent] of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
7. Minimum score to pass the EOI is pass mark for EOI in between 65 in general.

**Chief Administrative officer**

# प्रभाव दैनिक

शुक्रबार, १९ मंसिर २०८२ (Friday, 05 December 2025)


रूपशाला

## 'अभिमन्यु : च्याप्टर १' बिहीबारबाटै प्रदर्शनमा

अभिनेता कामेश्वर चौरसिया र अभिनेत्री लक्ष्मी बर्देवाको मुख्य भूमिका रहेको फिल्म 'अभिमन्यु : च्याप्टर १' बिहीबारबाट प्रदर्शनमा आएको छ । नयाँ नेपाली फिल्म फ्राइडे रिलिज अन्तर्गत शुक्रबार गर्ने परम्परा रहे पनि चाडपर्वमा भने अन्य दिन पनि रिलिज हुँदै आएका थिए । 'अभिमन्यु' पनि धान्य पूर्णिमा, उधौली पर्व बिदाको अवसर पारेर प्रदर्शनमा आएको हो । हलमा राम्रो शो पाएको फिल्म सुशान्त गौतमले निर्देशन गरेका हुन् । कामेश्वर र लक्ष्मीको अलवा किरण श्रेष्ठ, गौमाया गुरूङ, लक्ष्मी गिरी, प्रकाश दाहाल, शिशिर बाङ्देललगायत कलाकारको अभिनय रहेको फिल्ममा अतिथि भूमिकामा रेखा थापा पनि छिन् ।



# 'मिस नेपाल पिस' यही डिसेम्बर २० मा

**काठमाडौं (प्रस)–** नर्सहरूको लिडरसिपको बिकास गर्दै उनीहरूको ब्यक्तित्व निखार्ने उदेश्यका साथ 'मिस नेपाल पिस'को नयाँ संस्करण सुरु भएको छ । आयोजक संस्था नेक्स्ट मोडल्स नेपालले बिहीबार एक विज्ञप्ति जारी गर्दै प्रतियोगिताको अडिसनबारे जानकारी दिएको हो । केही अगाडिदेखि आवेदन खुल्ला भएको प्रतियोगीताको छनौट चरणको अडिसन डिसेम्बर २० गतेबाट हुनेछ ।

एनक्लेकेस् नेपाल मुख्य प्रयोजक रहेका प्रतियोगीतामा १७ देखि २८ वर्षसम्मका नर्स तथा नर्सिङ अध्ययनरत युवतीले भाग लिन सक्नेछन् प्रतियोगीताको आवेदन फारम 'खल्ती' एपमा उपलब्ध छ । अडिसनको समय र भेन्यु भने केही दिनपछि जानकारी दिए आयोजकले जनाएको छ ।

प्रतियोगिताका शीर्ष विजेताले नगद एक लाख, थाइल्याण्डमा २९२६ मा आयोजना हुने 'मिस ग्लोबल', चीनमा हुने 'मिस वर्ल्ड पिस' र भियतनाममा आयोजना हुने 'मिस प्लानेट इन्टरनेसनल'मा नेपालको प्रतिनिधित्व गर्न'का साथै ५ लाख बराबरको विभिन्न उपहारसमेत जित्न सक्नेछन् । 'सशक्त महिला, सबल राष्ट्र' भन्ने नाराका साथ आयोजना हुँदै आएको यो नर्सहरू समभागी हुने स्वास्थ्य पेसासँग सम्बन्धित एकमात्र सामाजिक सौन्दर्य प्रतियोगिता हो । प्रतियोगितामा देशभरका नर्स तथा नर्सिङ कलेजमा अध्ययनरत युवतीहरूले सहभागिता जनाउन सक्नेछन्। छनोट चरणको अडिसनबाट छानिएका प्रतियोगीलाई विभिन्न प्रशिक्षण दिएर अन्तिम चरणका लागि तयार पारिनेछ । प्रतियोगिताको प्रारम्भिक चरणमा देशभरका चार दर्जन नर्सिङ कलेज तथा एक सयभन्दा बढी अस्पतालमा कार्यरत नर्सहरूको उत्साहजनक सहभागिता रहने आयोजक संस्था नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए।

अन्तर्राष्ट्रिय स्तरमै शान्तिको सन्देश फैलाउँदै नर्सिङ पेसामा आबद्ध तथा अध्ययनरतहरूलाई पेसा र समाजप्रति थप उत्तरदायित्व बोध गराउने उद्देश्यले यो प्रतियोगिता आयोजना हुँदै आएको हो।

